नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं।

## भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम २ अनुसार सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूंचना

**लिलाम प्रकाशित मितिः- २०८३/०१/१४**

विभिन्न प्रतिवेदक निकायबाट प्राप्त भई मुद्दा दर्ता प्रक्रिया मार्फत यस कार्यालयको निर्णयबाट जफत भई दाखिला हुन आएका तथा यात्रु जाँचपास तथा सहजीकरण शाखाबाट जफत भएका तपसिलमा उल्लेख भए बमोजिमको विवरणका मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम २ बमोजिम सिलवन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा संस्थालाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखाबाट खरिद गर्न सकिने छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ । साथै यस कार्यालयको वेबसाइट tia.customs.gov.np र भन्सार विभागको वेबसाइट customs.gov.np मा समेत हेर्न सकिनेछ ।

**तपसिल**

| सि. नं. | मुद्दा नं./सिज नं./ आ.ब. | मालवस्तुको विवरण | न्यूनतम मूल्य (रु.) | दरभाउपत्र खरिद रकम (रु.) |
|---|---|---|---|---|
| १. | ४८-२०८२/०८३ | Oximerai Natural Antioxidant-६० बोतल | ९९,३६०/- (अक्षरेपि उनान्सय हजार तीन सय साठी मात्र) | १,०००/- (अक्षरेपी एक हजार मात्र) |
| २. | 1685, 1431,1457, 1733,1734,2003, 2010, 2049, 2029, 1911, 1906, 1766, 2200, 2257, 2232, 2233, 2258, 2259, 2223, 2224- 2082/083 | Iphone 17 pro max-4 थान, Iphone 17 pro-4 थान, Iphone 16 pro max-3 थान, Iphone 16 pro-1 थान, Iphone 15 pro max-1 थान, Iphone 14 pro-1 थान, Iphone 13 pro max-9 थान, Iphone 13 pro-6, Iphone 13-11 थान, Iphone 12-8 थान, Iphone 11-1 थान,. iphone अन्य-9 थान, Ipad मोडल नखुलेको-4 थान, Macbook-3 थान, Dell laptop-9 थान, Samsung Z flip7 mobile-1 थान, Pixel phone mobile-3 थान, Samsung S25 ultra mobile-1 थान, used Apple watch-1 थान, Samsung S21 mobile-2 थान, Samsung mobile मोडल नखुलेको-5 थान । | ३५,३९,०००/०० (अक्षरेपि पैतिस लाख उनान्चालिस हजार मात्र) | २,०००/- (अक्षरेपी दुई हजार मात्र) |
| ३. | आ.व. २०८२/०८३ का विभिन्न सिज नं.हरु | Red label 1000ml-347 bottle, Red label 700 ml-100 bottle, Black label 1000ml-107 bottle, Black label 700ml-26 bottle, William Lawson 1000ml-10 bottle, Gold label 1000ml-3 bottle, Gold label 700ml-1 bottle, Double | ३७,७४,६००/०० (अक्षरेपि सैतिस लाख चौहत्तर हजार छ सय मात्र) | २,०००/- (अक्षरेपी दुई हजार मात्र |

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | black label 1000ml-28 bottle, Double black label 700ml-3 bottle, Chivas 1000ml-38 bottle, Chivas 700ml-9 bottle, Ballentine 1000ml-19 bottle, Ballentine 700ml-14 bottle, VAT 69 1000ml-32 bottle, VAT 69 750ml-3 bottle, Label 5 1000ml-21 bottle, Jack Daniels 1000ml-35 bottle, Jack Daniels 700ml- 31 bottle, Jack Daniels 500ml-3 bottle, Jack Daniels 300ml-1 bottle, Glenfiddich 700ml-3 bottle, Glenlevit. 1000ml-3 bottle, Dewars 1000ml-17 bottle, Glen morey 1000ml-4 bottle, Lord Scott 1000ml-4 bottle, Cutty Sark 1000ml-7 bottle, Famouse Grouse 1000ml-9 bottle, Green label 1000ml-2 bottle, Jameson 1000ml-13 bottle, Jameson 700ml-7 bottle, Jimbeam 1000ml-9 bottle, Jimbeam 700ml-5 bottle, J&B 1000ml-7 bottle, J&B 700ml-3 bottle, Gentleman Jack 350ml-5 bottle, Macieira 1000ml-6 bottle, White Mackay 1000ml-4 bottle, Jagermeister 1000ml-7 bottle, Jagermeister 700ml-4 bottle, Teachers 1000ml-11 bottle, Suntory Whisky 700ml-4 bottle, Black Clear 700ml-6 bottle, Grants 1000ml-10 bottle, Grants 700ml-5 bottle, Whisky (Various)1000ml-76 bottle, Whisky (Various)750ml-31 bottle, Whisky (Various)700ml-99 bottle, Whisky (Various)500ml-18 bottle, Vodka (Smirnoff) 1000ml-4 bottle, Vodka Grey Goose 1000ml-4 bottle, Absolute Vodka 1000ml-21 bottle,Vodka (Various) 1000ml-14 bottle, Vodka (Various) 750ml-2 bottle, Vodka (Various) 700ml-11 bottle, Vodka (Various) 500ml-10 bottle, Bombay Saphire Gin 1000ml-2 bottle, Bombay Saphire Gin 700ml-3 bottle, Beefeater Gin 1000ml-2 bottle, Gin (Various) 1000ml-6 bottle, Gin (Various) 700ml-4 bottle, Bacardi 1000ml-19 bottle, Bacardi 750ml-3 bottle, Rum (Various) | | |

Scanned with CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं।

| | | | | |
|---|---|---|---|---|
| | | 750ml-4 bottle, Rum (Various) 700ml-1 bottle, Wine 1000ml-12 bottle, Wine 900ml-6 bottle, Wine 750ml-308 bottle, Wine 700ml-18 bottle, Wine 500ml-6 bottle, Wine 350ml-6 bottle. | | |

शर्तहरु

१) सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र उल्लेखित रकम रा.बा. बैंकको राजस्व खातामा रकम जम्मा गरेको सक्कल भौचर बुझाई (फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ । सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा मू.अ.कर दर्ताको प्रतिलिपि, व्यवसाय दर्ताको प्रतिलिपि साथै आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२) आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतले हुने धरौटी रकम रा.वा. बैंक, गौचर शाखामा रहेको भन्सार कोष खाता नं. १६९०१००१०२०९०००१ मा जम्मा गरी सो को सक्कल भौचर सिलवन्दी दरभाउपत्र फाराम साथ पेश गर्नु पर्ने छ ।

३) कार्यालयवाट सिलवन्दी दरभाउपत्र जसको नाममा खरिद भएको हो सोही फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउने छ । अन्य फर्म, कम्पनी वा संस्थाले पेश गरेमा दरभाउपत्र रद्द हुनेछ ।

४) सिलवन्दी दरभाउपत्रमा दरभाउपत्रदाताले आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ । सच्याइएको वा केरमेट गरेको पाइएमा केरमेट गरेको स्थानमा दरभाउपत्र दाताको दस्तखत हुनुपर्ने छ । साथै अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५) सिलवन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयको मुद्दा शाखामा दर्ता गरी सक्नु पर्नेछ। सिलवन्दी दरभाउपत्र दर्ता गर्दा सिलबन्दी खाम वाहिर मालवस्तुको सि.नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । १६ औं दिनको १२:०० बजेभित्र दर्ता हुन आएको सिलवन्दी दरभाउपत्र सोही दिन १:०० बजे (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा त्रि.वि. भन्सार कार्यालय, प्रशासनिक भवनमा खोलिने छ । दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

६) सिलवन्दी पेश हुने दरभाउपत्रमा दरभाउपत्रदाता फर्म, कम्पनी वा संस्थाको प्रोपाईटर वा आधिकारिक प्रतिनिधिले आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपि र फर्म दर्ताको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनुपर्ने छ ।

७) इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको ९ औं देखि १० औं दिन सम्म यस कार्यालयमा आएर दिउँसो २:०० बजेदेखि ४:०० बजेभित्र मुद्दा शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

८) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी गराइनेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म, कम्पनी वा संस्थाले दरभाउपत्र स्वीकृत भएको

भन्सार अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

जानकारी पाएको मितिवाट ७ दिनभित्र मू.अ.कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु बुझाई मालवस्तु उठाई लैजानुपर्ने छ ।

९) सिलवन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्र दाताले तोकिएको म्याद भित्र सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी भन्सार नियमावली, २०६४ को नियम ३६(४) बमोजिम भई जाने छ ।

१०) आफूले लिलाम सकार गर्न चाहेको मालवस्तुको विस्तृत विवरण कार्यालय समयमा त्रि.वि. भन्सार कार्यालयको प्रशासनिक भवनको मुद्दा शाखाका आई जानकारी लिन सकिनेछ ।

११) सिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा रहने छ ।

१२) कुनै पनि शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन ।

१३) यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१४) गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा सो भन्दा बढि फर्महरुले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुबिच गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

१५) गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा सो भन्दा बढि फर्महरुले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुबिच गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

१६) मोबाईल दर्ता सम्वन्धी सम्पूर्ण जिम्मेवारी लिलाम सकार कर्ताको हुनेछ ।

१७) मूल्यांकन समितिले निर्धारण गरेको उल्लिखित मूल्यमा अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु समावेश गरिएको छैन ।

१८) अन्तःशुल्कको सम्बन्धमा वाइनको हकमा प्रति लिटर सरदर १७ प्रतिशत भन्दा कम अल्कोहल भएका बाइनको लागि तोकिएको दर र अन्य मदिराको हकमा सरदर ४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको मदिराको लागि तोकिएको दरले अन्तःशुल्क निर्धारण हुनेछ ।

भन्सार अधिकृत

Scanned with CamScanner